**Gurkhas Finance Ltd.**
**गोर्खाज फाइनान्स लि.**
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्र प्राप्त संस्था)

# वार्षिक साधारणसभाको निर्णय पूस्तिका

## मिति २०८२/०२/०९ गते सम्पन्न भएको ३० औं वार्षिक साधारण सभाको निर्णय पुस्तिकाको विवरण

## गोर्खाज फाइनान्स लिमिटेडको
## तीसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट)

### १. वैधानिक सभा

कम्पनी ऐन, २०६३ र वित्तीय संस्थाको नियमावली बमोजिम वित्तीय संस्थाको वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री गौरव बुढाथोकीज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिमको निर्णय भयो ।

### २. सभाको सूचना

यस वित्तीय संस्थाको ३० औं वार्षिक साधारण सभा मिति २०८१ साल पौष महिना २९ गते सोमबार आह्वान गरिएकोमा उक्त साधारण सभामा कम्पनी ऐन, २०६३ को दफा ७३ तथा वित्तीय संस्थाको नियमावलीको नियम ५ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपुरक संख्या नपुगेर साधारण सभा स्थगित भएकोले स्थगित भएको ३० औं वार्षिक साधारण सभा मिति २०८२/०१/२४ गते सम्पन्न सञ्चालक समितिको ५१९ औं बैठकको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा ७३(३) बमोजिम आज मिति २०८२ साल जेठ ९ गते हुन गइरहेको ३० औं वार्षिक साधारण सभाको सूचना मिति २०८२/०१/२६ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा प्रकाशन गरिएको थियो ।

**सभा हुने मिति, समय र स्थान**

सभा हुने मिति : २०८२ साल जेठ ९ गते शुक्रबार, तदअनुसार २३ मे, २०२५

समय : बिहान ११:०० बजे

स्थान : अनुपम फुडल्याण्ड एण्ड व्याङ्कवेट, गौशाला, काठमाण्डौ ।

### ३. छलफलका विषयहरु

**क) साधारण प्रस्तावहरु :**

१) आ.व. २०८०/८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात तथा २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) आ.व.२०८१/८२ को लेखापरिक्षणको लागि लेखापरिक्षण समिति तथा संचालक समितिको सिफारिस बमोजिम लेखापरिक्षक नियुक्ती गर्ने र नीजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१) वित्तीय संस्थाको नियमावली संशोधन सम्बन्धमा ।

२) संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

### ४. उपस्थिति

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु:

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री गौरव बुढाथोकी | अध्यक्ष |
| २. | श्री कल्पना खापुङ्ग | सञ्चालक |
| ३. | श्री युवराज राई | सञ्चालक |

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

| | | |
|---|---|---|
| ४. | श्री कर्मेन्द्र विक्रम नेम्बाङ (लिम्बु) | सञ्चालक |
| ५. | श्री विनोद कुमार चोङवाङ | सञ्चालक |

## ४.२ प्रतिनिधि

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | टिकाराम सुवेदी | कम्पनी रजिष्ट्रारको कार्यालय |

## ४.३ उपस्थित अन्य पदाधिकारी

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री ज्ञानेन्द्र इवाहाङ | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री दिपक न्यौपाने | बरिष्ठ प्रबन्धक |

## ४.४ सेयरधनीको उपस्थिति

| क.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने सेयरधनीको संख्या | २५२ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने सेयरधनी संख्या | १३२ |
| जम्मा | | ३८४ |

## ५. गणपुरक संख्या

| कुल सेयरधनी संख्या | कुल सेयर संख्या | सेयरधनीको उपस्थिति | | | | | | सेयर प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | स्वयं उपस्थिति | | प्रतिनिधिमार्फत | | कुल | | |
| | | संख्या | सेयर | संख्या | सेयर | संख्या | सेयर | |
| १९,८४९ | ८६,७६,६५९ | २५२ | १३,३१,२२० | १३२ | १४,८३,०७२ | ३८४ | २८,१४,२९२ | ३२.४४ |

## ६. सभाको वैधानिकता

६.१ कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्थाको नियमावली बमोजिम प्रथम पटक २०८१ पौष २९ गते साधारण सभा बोलाइएकोमा कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल सेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी सेयर प्रतिनिधित्व हुने गरी कुल सेयरधनीहरु मध्ये कम्तीमा ३ जना सेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान अनुरुप सेयरधनी उपस्थित नभई गणपुरक संख्या नपुगी साधारण सभा स्थगित भएकोमा कम्पनी ऐन, २०६३ को दफा ७३(३) अनुसार बोलाइएको आजको साधारण सभामा २५ प्रतिशत भन्दा बढी सेयर प्रतिनिधित्व गर्ने सेयरधनीहरु उपस्थिति हुनुपर्ने व्यवस्था रहेकोमा साधारण सभामा राखिएको सेयरधनी हाजिरी पुस्तिकामा स्वयम उपस्थित भई हाजिरी जनाउने सेयरधनीको संख्या २५२ जना र प्रोक्सी मार्फत १३२ जना गरी कुल ३८४ जनाको उपस्थिति रही कुल सेयरको ३२.४४ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम वित्तीय संस्थाको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात काठमाडौंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष श्री गौरव बुढाथोकीज्यूको सभापतित्वमा गर्ने व्यहोरा कार्यक्रम सञ्चालक वरिष्ठ प्रबन्धक श्री दिपक न्यौपानेले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष श्री गौरव बुढाथोकीज्यूको सभापतित्वमा वित्तीय संस्थाको तीसौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

## ७. वार्षिक साधारण सभाको प्रस्तुती

७.१ सभाका अध्यक्षज्यूले उपस्थित सबै सेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

७.२ तत्पश्चात् अध्यक्षज्यूले वित्तीय संस्थाको लेखापरीक्षण प्रतिवेदनसहित २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा नोक्सानीको हिसाव तथा नगद प्रवाह विवरण लगायतका विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

७.३ वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री ज्ञानेन्द्र इवाहाङले सम्पूर्ण सेयरधनीहरुलाई स्वागत गर्दै व्यवस्थापनको तर्फबाट कार्ययोजना प्रतिबद्धतासहितको मन्तव्य सभामा प्रस्तुत गर्नुभयो ।

## ८. छलफलको लागि आव्हान र सहभागी सेयरधनीहरु

८.१ वित्तीय संस्थाको संचालक समितिको आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन, २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञाषा तथा सुझाव भए जानकारी गराउन कम्पनी सचिवज्यूले सेयरधनीहरु समक्ष अनुरोध गर्नु भएपश्चात् सेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार आ-आफ्नो जिज्ञाषा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.२ छलफलमा सहभागी भई सल्लाह तथा सुझाव राख्नु हुने सेयरधनी महानुभावहरुको नाम:

१. श्री जगन्नाथ आचार्य
२. श्री सुदिप श्रेष्ठ
३. श्री टठ बहादुर लावती
४. श्री डमरु बल्लव घिमिरे
५. श्री गोविन्द बहादुर के.सी.
६. श्री इन्द्र प्रसाद लामिछाने
७. श्री पुरञ्जन राई
८. रोज कुमार श्रेष्ठ
९. अमिर दास रंजित
१०. यादव चन्द्र राई
११. कृष्ण प्रसाद अधिकारी
१२. चन्द्र नारायण श्रेष्ठ
१३. टिकाराम सुनुवार
१४. निरुपमा गुप्ता
१५. युगल बसेल
१६. महेन्द्र श्रेष्ठ
१७. प्रेम बहादुर खापुङ
१८. सौरभ भण्डारी
१९. उद्धव प्रसाद घिमिरे
२०. राम गोपाल महर्जन
२१. सत्रुघन श्रेष्ठ

लिखित रुपमा मन्तव्य राख्नु हुने सेयरधनीहरु

१. श्री बह्मदेव शाक्य
२. लक्ष्मण बहादुर श्रेष्ठ

## ९. छलफलमा सहभागी हुनेहरुले आ-आफ्नो विचार प्रस्तुतीकरण

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

छलफलका क्रममा सेयरधनी महानुभावहरुले वित्तीय संस्थाको वित्तीय विवरणको क्रममा आफ्नो राय व्यक्त गर्दै संस्थाले गरेका राम्रा पक्षको सम्बन्धमा राय दिनुका साथै संस्थामा निम्न उल्लेख भए बमोजिम सल्लाह तथा सुझाव तथा लिखित सुझावहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

- आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वार्षिक साधारण सभा गर्नु पर्ने व्यवस्था रहेकोमा अघिल्लो वर्षको समेत साधारण सभा नभएकोमा यस वर्षको साधारण सभा ढिला हुन गयो ?
- गैह्र बैकिङ सम्पत्ति विक्रीको योजना के छ ? संचिति नोक्सानी धेरै भयो ।
- वित्तीय संस्थाबाट कर्जा असुलीको लागि के कस्तो प्रक्रिया अगाडि बढाइएको छ ?
- निष्कृय कर्जा किन धेरै भयो?
- लाभाशं वितरण गर्न कति समय लाग्छ ?
- वित्तीय संस्थाबाट भएका खर्चहरुको सम्बन्धमा प्रश्न उठाउनु भयो ।
- वित्तीय संस्थाले बजारीकरणमा आवश्यक रणनीति लिनु पर्ने सुझाव दिनु भयो ।
- कर्मचारीहरुको समयानुकुल वृत्ति विकास तथा सरुवा बढुवामा ध्यान दिन सुझाव दिनु भयो साथै कर्मचारीहरुलाई ग्राहकमुखी बनाउनको लागि आवश्यक प्रशिक्षण/निर्देशन दिनु पर्ने सुझाव दिनु भयो ।
- वित्तीय सुचाकंहरुलाई तोकिएको मापदण्डभित्र ल्याउनुपर्ने सुझाव दिनुभयो ।
- संस्थागत सुशासनतर्फ ध्यानाकर्षण गराउनु भयो ।
- सञ्चालन खर्च लगायत अन्यखर्चहरुमा समेत मितव्ययितता अपनाउनु पर्ने सुझाव दिनु भयो ।
- कम्पनीको Vision, Mission र रणनीतिबारे थप प्रकाश पार्न अनुरोध गर्नुभयो ।

**१०. सभामा सेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञाषा र प्रश्नहरुको सुझाव**

वित्तीय संस्थाका सेयरधनीहरुबाट वार्षिक प्रतिवेदनका सम्बन्धमा उठाउनु भएको जिज्ञाषा तथा प्रश्नहरुको सन्दर्भमा अध्यज्यूले निम्नानुसारको जानकारी गराउनु भयो ।

- आर्थिक वर्ष २०८०/८१ को साधारण सभापनि आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्रै आह्वान गरिएकोमा सभा सञ्चालनको लागि आवश्यक गणपुरक संख्या नपुगेकोले वार्षिक साधारण सभा ढिला हुन गएकोमा आगामी आर्थिक वर्षमा साधारण समयमा नै सम्पन्न गरिनेछ ।
- गैह्र बैकिङ सम्पत्ति विक्री र संचिती नोक्सानी घटाउने योजना रहेको छ ।
- वित्तीय संस्थाको पुरानो कर्जाहरु उठ्न समय लागेकोले निष्कृय कर्जा अनुपात उच्च रहन गएको भएतापनि समीक्षा अवधिमा निष्कृय कर्जा अनुपात घटेको र आगामी दिनमा समेत कर्जा असुलीमा जोड दिई निष्कृय कर्जा अनुपात घटाउने योजना रहेको छ ।
- हाल वित्तीय संस्था संचिति नोक्सानीमा रहेकोले यसलाई पुर्ति गरी यथासक्य चाँडो सेयरधनीहरुलाई प्रतिफल वितरण गर्ने योजना रहेको छ ।
- वित्तीय संस्थाबाट आवश्यकताको आधारमा सञ्चालक समितिले तोकेको क्षेत्राधिकार भित्र रही खर्च गर्ने परिपाटी रहेको र अनावश्यक खर्च नियन्त्रण गर्ने गरिएको जानकारी सभामा गराउनुभयो ।
- सेयरधनीको सुझावलाई ग्रहण गर्दै बजारीकरणमा जोड दिने जानकारी सभालाई गराउनु भयो ।
- कर्मचारीहरुको समयानुकुल वृत्ति विकासमा ध्यान दिन कार्य सम्पदान मुल्याकंनको आधारमा समयमा नै बढुवा गर्ने, योग्य व्यक्तिलाई उचित जिम्मेवारी प्रदान गर्ने, कर्मचारीहरुको नियमित रुपमा सरुवा गर्ने, कर्मचारीहरुलाई तालिम तथा गोष्ठीमा सहभागी गराउने, कर्मचारीलाई ग्राहकमुखी बनाई तोकिएको जिम्मेवारीप्रति उत्तरदायी बनाउने प्रतिबद्धता सभामा जाहेर गर्नु भयो ।
- वित्तीय सुचाकंहरुलाई मापदण्ड भित्र ल्याउन दत्तचित्त भएर लागि रहेको जानकारी गराउनु भयो ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि

- नियामक निकायबाट भएका निर्देशनहरुको अक्षरशः पालना गरी संस्थागत सुशासनलाई बलियो बनाउने प्रतिबद्धता सभामा जाहेर गर्नु भयो ।
- खर्चहरु गरिदाँ मितव्ययीता अपनाई खर्च गरिने छ ।
- वित्तीय संस्थाले रणनीतिक योजना बनाई Vision, Mission स्पष्ट पार्ने र सबैभन्दा ठुलो Mission नै संस्थागत हितमा रही सेयरधनीको उच्चतम प्रतिफल रहेको जानकारी सभामा भयो ।

**११. तीसौं वार्षिक साधारण सभाका निर्णयहरु**

**क) साधारण प्रस्तावहरु :**

**१) आ.व. २०८०/८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।**

वित्तीय संस्थाको आर्थिक वर्ष २०८०/८१ को सन्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात तथा २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।**

वित्तीय संस्थाको स्वतन्त्र लेखापरीक्षक श्री एन.बी.एस.एम एण्ड एसोसियट्सका साझेदार श्री राजेश कुमार साहले पेश गर्नु भएको आ.व. २०८०/८१ स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन, २०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन, लेखा सम्बन्धी टिप्पणीहरु र थप प्रकटीकरण समेतलाई सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

**३) आ.व.२०८१/८२ को लेखापरिक्षणको लागि लेखापरिक्षण समिति तथा संचालक समितिको सिफारिस बमोजिम लेखापरिक्षक नियुक्ती गर्ने र नीजको पारिश्रमिक निर्धारण गर्ने ।**

लेखापरीक्षण समितिको मिति २०८१ पौष २६ गते सम्पन्न बैठकबाट वित्तीय संस्थाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गर्नका निमित्त कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुरुप वाह्य लेखापरीक्षकको नियुक्त गर्ने सम्बन्धमा लेखापरीक्षक फर्महरु प्रस्ताव माग गरिदाँ प्राप्त प्रस्तावहरु मध्ये तीन वटा लेखापरीक्षण फर्महरु एस.एच.ए एण्ड एसोसियट्स, अर्याल अनुप एण्ड एशोसियट्स, र एन.बि.एस.एम एण्ड एसोसियट्स फर्मलाई सिफारिस गर्ने निर्णय भएको । लेखापरीक्षक श्री N.B.S.M & Associates, चार्टर्ड एकाउण्टेण्ट्स, काठमाडौंले यस अघि समेत वित्तीय संस्थाको लेखापरीक्षण सम्पन्न गरी सकेको र उक्त फर्मले पेश गरेको शुल्क समेत न्युनतम रहेकोले लेखापरीक्षक श्री N.B.S.M & Associates, चार्टर्ड एकाउण्टेण्ट्स, काठमाडौंलाई २०८१/८२ को अन्तिम लेखापरीक्षण शुल्क, २०८१/८२ को Long Form Audit Report शुल्क, आ.व. २०८१/८२ को कर लेखापरीक्षण शुल्क, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिम को प्रतिवेदन प्रमाणित शुल्क, नेपाल धितोपत्र बोर्डद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणित शुल्क, NFRS Review सम्बन्धि कामको शुल्क तथा शाखा भ्रमण कार्यको लागि लाग्ने खर्च समेत गरी एकमुष्ट रु ५,००,०००/- (मु.अ.क बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी नियुक्ति प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**ख) विशेष प्रस्तावहरु :**

**१) वित्तीय संस्थाको नियमावली संशोधन सम्बन्धमा ।**

वित्तीय संस्थाको नियमावलीको नियम ३१(ख) तथा ३१(घ) मा भएको व्यवस्था अनुसार सन्चालक समितिको बैठक भत्ता तथा मासिक मोबाइल खर्च रु १ गर्ने संशोधन प्रस्ताव बहुमतले अस्वीकृत गरियो ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

**२) संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

वित्तीय संस्थाको प्रबन्धपत्र संशोधन गर्न अनुमति लिनु पर्ने नियमाक निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थप घट लगायत आवश्यक संशोधन गर्न सन्चालक समितिलाई अख्यिारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

ग) विविध

(क) वित्तीय संस्थाको सन्चालक समितिमा रित्त हुन गएको समुह "क" अन्तर्गत संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त सन्चालक पदमा मिति २०८१/०४/१९ गते सम्पन्न सन्चालक समितिको बैठकले कम्पनी ऐन, २०६३ को दफा ८७(१)(ख) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद ४, दफा १४(२) 'ख' मा भएको व्यवस्था अनुसार कम्पनी ऐन, २०६३ को दफा ९०(३) बमोजिम बाँकी कार्यकालको लागि श्री युवराज राईलाई २०८१/०४/२० गते देखि लागु हुने गरी नियुक्त गरेकोले उक्त संचालक नियुक्तिलाई कम्पनी ऐन, २०६३ को दफा ७७(६) मा भएको व्यवस्था बमोजिम निजको नियुक्तिलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(ख) वित्तीय संस्थाको सन्चालक समितिमा रित्त हुन गएको समुह "क" अन्तर्गत संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त सन्चालक पदमा मिति २०८२/०१/१४ गते सम्पन्न सन्चालक समितिको बैठकले कम्पनी ऐन, २०६३ को दफा ८७(१)(ख) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद ४, दफा १४(२) 'ख' मा भएको व्यवस्था अनुसार कम्पनी ऐन, २०६३ को दफा ९०(३) बमोजिम बाँकी कार्यकालको लागि श्री कर्मेन्द्र विक्रम नेम्बाङ (लिम्बु) लाई मिति २०८२/०१/१५ देखि लागु हुने गरी नियुक्त गरेकोले उक्त संचालक नियुक्तिलाई कम्पनी ऐन, २०६३ को दफा ७७(६) मा भएको व्यवस्था बमोजिम निजको नियुक्तिलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(ग) वित्तीय संस्थाको सन्चालक समितिमा रित्त हुन गएको समुह "ख" अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त सन्चालक पदमा मिति २०८२/०१/१४ गते सम्पन्न सन्चालक समितिको बैठकले कम्पनी ऐन, २०६३ को दफा ८७(१)(ख) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को परिच्छेद ४, दफा १४(२) 'ख' मा भएको व्यवस्था अनुसार कम्पनी ऐन, २०६३ को दफा ९०(३) बमोजिम बाँकी कार्यकालको लागि श्री विनोद कुमार चोङवाङलाई मिति २०८२/०१/१५ देखि लागु हुने गरी नियुक्त गरेकोले उक्त संचालक नियुक्तिलाई कम्पनी ऐन, २०६३ को दफा ७७(६) मा भएको व्यवस्था बमोजिम निजको नियुक्तिलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(घ) विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराइयो ।

**१२. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सेयरधनी महानुभावहरुलाई छलफलमा सकरात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै सेयरधनीहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै तीसौं वार्षिक साधारण सभा सफतापूर्वक सन्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण सेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज, मध्यमस्तरीय करदाता कार्यालय, कर्मचारी वर्ग तथा अन्य संस्थाप्रति शुभेच्छुक सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो ४:१५ बजे विधिवत रुपमा सभा विसर्जन गर्नुभयो ।

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

...........................
ज्ञानेन्द्र इवाहाङ
कम्पनी सचिव

Gurkhas Finance Ltd.
गोर्खाज फाइनान्स लि.

...........................
श्री गौरव बुढाथोकी
अध्यक्ष

मिति : २०८२/०२/०९